# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४७ | काठमाडौं | बुधबार, ०१ असोज २०८२ | Prabhab National Daily | Wednesday, 17 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**संविधानको एक दशक ।**

- संविधान देशको मुल कानून हो,
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरूप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो
- संविधानसँग बाझिने कानूनहरु बाझिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवश भव्य रूपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# चुनावी सरकारमाथि चुनौतीका चाङ

- चुनावी सरकार भए पनि पुनर्निर्माण, सुशासनका लागि महत्त्वपूर्ण कदम चाल्नुपर्ने दबाब
- निजी क्षेत्र, कर्मचारीको मनोबल बढाउनुका साथै अर्थतन्त्र लयमा फर्काउनै पर्ने दबाब
- चाडबाडको समय आइसकेकोले आउँदो दुई महिना स्थायी सरकार मानिने प्रशासनको 'होलिडे'ले काममा अवरोध



■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी विद्रोहको बलमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारको परीक्षा सुरु भइसकेको छ । छ महिने अवधि पाएको यो सरकारको मुख्य काम प्रतिनिधिसभा चुनाव सम्पन्न गराउनु भए पनि थप जिम्मेवारी उत्तिकै छन् ।

विशेषगरी भदौ २३ बाट सुरू भएको जेन-जी विद्रोहमा भएको दमन, त्यसपछि सार्वजनिक सम्पत्तिहरूमाथि भएको तोडफोड र आगजनीसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग गठन गरी निष्पक्ष छानबिन गर्नु सरकारको पहिलो काम हुने छ । सोमबारको मन्त्रिपरिषद् बैठकले यसबारे निर्णय गरिसकेको भए पनि आयोग गठन हुन बाँकी नै छ ।

पुनर्निर्माणमा प्राथमिकता

सरकारको प्राथमिकताबमोजिम क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका लागि कोष स्थापना गर्ने घोषणा ऊर्जा/भौतिक पूर्वाधार/सहरी विकासमन्त्री कुलमान घिसिङले गरिसकेका छन् । पूर्वाधारसँग सम्बन्धित प्रमुख तीन मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री घिसिङले पुनर्निर्माणका निम्ति 'हाम्रा सार्वजनिक संरचना, हामी आफैं बनाउनेछौं' भन्ने अभियान सञ्चालन गर्ने बताएका छन् । यसका लागि विदेशमा रहेका नेपालीहरूलाई पनि सहयोगका लागि आह्वान गर्ने उनको भनाइ छ ।

कार्की नेतृत्वको सरकारको निर्देशनअनुसार प्रदर्शनका क्रममा तोडफोड, आगजनीमा परेर प्रयोगमा आउन नसक्ने सवारीसाधन, अन्य सरसामान तत्काल लिलामी वा नष्ट गर्न संसद् भवन नयाँ बानेश्वरपरिसरमा लैजाने मंगलबार सचिवस्तरीय बैठकले निर्णय गरिसकेको छ । प्रधानमन्त्री कार्कीले आफूहरूसँग छ महिनामात्र रहेकोले यो अवधिमा सकेसम्म काम गर्ने बताएकी छन् । 'हाम्रो कार्यावधि छ महिना हो । यो अवधिभित्रमा बढीभन्दा बढी काम गर्ने हो,' प्रधानमन्त्री कार्कीले बिबिसी नेपाली सेवासँगको कुराकानीमा भनेकी छन् ।

सुशासन कायम

पुनर्निर्माणपछि सरकारको अर्को प्राथमिकता हो सुशासन । जेन-जी विद्रोह भ्रष्टाचारको विरुद्ध थियो । यसका लागि सरकारको सुशासनको मामलामा निर्मम भएर लाग्नुपर्ने देखिन्छ । नीतिगत भ्रष्टाचार, नेताहरूको सम्पत्ति छानबिन, कर्मचारीमाथि लाग्दै आएको अनियमितताको आरोप र व्यवसायीहरूले गर्दै आएको कर छलीको विषयमा सरकारले तत्काल कदम चाल्नुपर्ने देखिन्छ । प्रदर्शनकारी पक्षले यसमा उच्चस्तरीय छानविन आयोगको माग गरिरहेको छ भने संस्थागतरुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहेकोले यहीमार्फत काम गर्नुपर्ने कतिपयको माग छ । यस्ता कमिटी बनाउँदा सकेसम्म एक महिनामै प्रतिवेदन आउने दाबी प्रधानमन्त्री कार्कीले गरेकी छन् । 'परिश्रम गरेर काम गर्ने क्रममा कमिटीहरू बनाउँदा एक महिनामा काम गर्ने योजना छ ।

क्रमशः पृष्ठ २ मा

# नेतृत्व छाड्न दबाब

- कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई नेतृत्व छाड्न दबाब
- नेतृत्व नछाडे पार्टी र आन्दोलनलाई थप क्षति हुने चेतावनी
- नेतृत्व छाड्न पार्टीभित्रैबाट दबाब बढे पनि प्रमुख नेताहरु मौन



■ जेबी योञ्जन

**काठमाडौं–** राजनीतिशास्त्रीहरूको विचारमा जेन-जी आन्दोलन बढ्दो भ्रष्टाचार र भ्रष्टाचारलाई संस्थागत गर्दै आएका पुराना दलसँगै तिनका मुख्य नेताहरूविरुद्ध विष्फोट भएको जनआक्रोश थियो । आन्दोलनले यसअघि प्रधानमन्त्री रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, प्रधानमन्त्री बन्ने लाइनमा रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र यी दुई नेता मिल्दा डेढ वर्षअघि सत्ताच्युत भएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई राजनीतिको किनारामा पुऱ्याइदियो ।

राजनीतिशास्त्री कृष्ण पोखरेल राज्यसत्ता अब उनीहरूको हातबाट फुत्किएको बताउँछन् । यसअघि उनीहरू सत्ता र शक्तिको दाउपेचमा जहिल्यै हुन्थे । जनमुखीभन्दा पनि यी तीन नेता सत्तामुखी थिए । कुनै न कुनै ढंगले राज्यशक्तिको दुरुपयोग गर्थे । पोखरेलको विश्लेषणमा सत्ता र शक्तिका लागि उनीहरूको छिनाझपट जहिल्यै भयो, जुन जनतालाई मन परेको थिएन । त्यही भएर भुसको आगोसरी जनआक्रोश बढ्दो थियो । त्यो जेन-जी आन्दोलनमा देशको राजनीति नै उलटफेर गर्नेगरी प्रकट भएको पोखरेललाई लाग्छ ।

> पार्टीको सदस्यता, संगठन संरचना, नेतृत्व चयन प्रक्रियादेखि हाम्रा मुद्दा र शैली सबैमा आमूल सुधार जरुरी छ ।
>
> ■ **गगन थापा**
> महामन्त्री, नेपाली कांग्रेस

> समय, परिवेश, प्रकृति, प्रक्रिया र समाज विज्ञानका नियमले नेतृत्व बदल्छ सबै तयार हुनैपर्छ ।
>
> ■ **गोकुल बास्कोटा**
> पोलिटब्युरो सदस्य, एमाले

> पार्टीको मूल नेतृत्वले तत्काल राजीनामा दिनुपर्छ ।
>
> ■ **जनार्दन शर्मा**
> उपमहासचिव, माओवादी केन्द्र

जेन-जीहरूले देउवा, ओली र दाहालको राजनीतिबाट बहिर्गमन चाहेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गत आमचुनावअघिजस्तै उनीहरूले ती नेताहरूलाई राजनीतिबाट पाखा लगाउन 'नो नट अगेन' अभियान सामाजिक सञ्जालका माध्यमहरूमा चलाए । उनीहरूले नै गरेको यही २३ र २४ गतेको आन्दोलनले यी तिनै नेतालाई शक्तिहीन बनायो । राज्यशक्तिबाट विमुख गऱ्यो । देउवा जेन-जीहरूको आक्रमणबाट बूढेसकालमा घाइते छन् । प्रधानमन्त्रीबाट राजीनामा दिएका ओली सुरक्षा चुनौतीका कारण सेनाको क्याम्पबाट बाहिर निस्केका छैनन् । दाहाल भने मंगलबारबाट सार्वजनिक रुपमा देखिएका छन् ।

यहीबेला राजनीतिबाट यी तिनै नेताको बिदा अनिवार्य भन्दै अन्तरपार्टी दबाब बढ्दो छ । मंगलबारमात्रै माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले अध्यक्ष दाहाललाई लक्षित गर्दै 'पार्टीको मूल नेतृत्वले तत्काल राजीनामा दिनुपर्छ' भनेका छन् । शर्मा ती नेता हुन्, जसले दाहाललाई माओवादी नेतृत्वबाट विस्थापन गर्न चाहेका छन् । दाहालसँग उनको पौठेजोरी विगतदेखि नै चल्दै आएको छ ।

तर, अर्का उपमहासचिव हरिबोल गजुरेल भने जनार्दनको अभिव्यक्ति सार्वजनिक खपतका लागि आएको बताउँछन् । उनले प्रभावसँग भने, 'प्रचण्डले राजीनामा दिएपछि के गर्ने ? निकास त चाहियो होला नि । त्यत्तिकै सार्वजनिक खपतका लागि कांग्रेस शैलीमा भनेर हुन्छ ?'

क्रमशः पृष्ठ २ मा

## 'तीन नेताको हातबाट राज्यसत्ता फुत्कियो'



**कृष्ण पोखरेल**
राजनीतिशास्त्री

तीन नेता- शेरबहादुर देउवा, केपी शर्मा ओली र पुष्पकमल दाहालको हातबाट राज्यसत्ता फुत्किएको छ । यसअघि उनीहरू सत्ता र शक्तिको दाउपेचमा जहिल्यै हुन्थे । जनमुखीभन्दा पनि यी तीन नेता सत्तामुखी थिए । कुनै न कुनै ढंगले राज्यशक्तिको दुरुपयोग गर्थे । सत्ता र शक्तिका लागि उनीहरूको छिनाझपट जहिल्यै भयो, जुन जनतालाई मन परेको थिएन । त्यही भएर भुसको आगोसरी जनआक्रोश बढ्दो थियो । त्यो जेन-जी आन्दोलनमा देशको राजनीति नै उलटफेर गर्नेगरी प्रकट भयो ।

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियामा सीपयुक्त कामदार पठाउने कार्यविधि कार्यान्वयन नगर्न श्रम मन्त्रालयको निर्देशन

## ई-७ भिसामा म्यानपावर कम्पनीले कामदार पठाउन पाउने व्यवस्था रोकिँदा व्यवसायी निराश

■ प्रभाव संवाददाता

**काठमाडौं–** दक्षिण कोरियामा म्यानपावर कम्पनीमार्फत सीपयुक्त कामदार पठाउनेगरी तयारी पारिएको कार्यविधि कार्यान्वयन नहुने भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रश्न उठाएपछि उक्त कार्यविधि कार्यान्वयन नगर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार विभागलाई निर्देशन दिएको हो ।

विभागले मंगलबार सूचना जारी गर्दै मन्त्रालयबाट उक्त कार्यविधि कार्यान्वयन नगर्न निर्देशन आएको जानकारी दिएको छ । विभागका अनुसार मन्त्रालयले आइतबार उक्त निर्देशनसहितको पत्र पठाएको हो । यही भदौ २२ गते अख्तियारले मन्त्रालयलाई पत्र लेख्दै म्यानपावरबाट कोरिया पठाउने काम नगर्न निर्देशन दिएको थियो । उक्त निर्देशनका कारण ई-७ भिसामार्फत कामदार पठाउने कार्य रोकिएको विभागका निर्देशक तथा सूचना अधिकारी टीकाराम ढकालले बताए ।

'कार्यविधि अहिले कार्यान्वयन नगर्नू भनेर मन्त्रालयबाट निर्देशन आएकाले कार्यान्वयन गर्ने काम रोकिएको छ । यो मन्त्रालयको सचिवस्तरीय निर्णयबाटै आएजस्तो लाग्छ,' ढकालले भने, 'हामीलाई लेखेको पत्रमा अख्तियारलगायतका निकायमा उजुरी परेकाले तत्काललाई कार्यविधि कार्यान्वयन नगराउनू भनेर लेखेको छ ।'




> सरकारले जिटुजीमार्फत कोरिया लग्दै आएको अवस्थामा म्यानपावरबाट पनि श्रमिक पठाउन मिल्ने बाटो खोलिदिएर सरकारीस्तरबाट पठाउँदै आएको रोजगार अनुमति प्रणाली (इपिएस) लाई कमजोर बनाउन लागेको भन्दै सरोकारवालाहरूले आलोचना गर्दै आएका थिए ।

तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीले २०८० सालमा म्यानपावरमार्फत कामदार कोरिया पठाउनेगरी उक्त कार्यविधि ल्याएका थिए । २०८० फागुन १७ गते स्वीकृत भएको उक्त कार्यविधि भण्डारी पुनः मन्त्री भएपछि २०८१ कात्तिक ९ गते पहिलो संशोधन गरियो । त्यसपछि, गत असार ९ र १३ गते लगातार दोस्रो र तेस्रो संशोधन गर्दै निजी क्षेत्रका व्यवसायी-व्यवसायी (बिटुबी)मार्फत कोरिया पठाउने बाटो खुलेको थियो ।

सरकारले जिटुजीमार्फत कोरिया लग्दै आएको अवस्थामा म्यानपावरबाट पनि श्रमिक पठाउन मिल्ने बाटो खोलिदिएर सरकारीस्तरबाट पठाउँदै आएको रोजगार अनुमति प्रणाली (इपिएस) लाई कमजोर बनाउन लागेको भन्दै सरोकारवालाहरूले आलोचना गर्दै आएका थिए । निवर्तमान श्रममन्त्री भण्डारीले व्यवसायीको स्वार्थमा लागेर कोरिया पठाउन दिन लागेको भन्दै आलोचित हुँदै आएका थिए । अर्कोतर्फ म्यानपावर व्यवसायीले लिने मनपरि लागत आदिको मारमा श्रमिकहरू पर्ने चिन्ता थियो ।

कामदारलाई मारमा पार्ने भन्दै उक्त कार्यविधि कार्यान्वयन नगराउन मागसहित अख्तियारमा उजुरी परेको थियो । सोही उजुरीका आधारमा अख्तियारले श्रम मन्त्रालयलाई कार्यविधि रोक्न निर्देशन दिएको थियो । अख्तियारको पत्रमा म्यानपावरबाट कोरिया पठाउँदा नेपाली श्रमिकलाई अझ समस्या पर्ने र विकृति विसंगति फैलाउने भन्दै उजुरीहरू परेको अख्तियारले उल्लेख गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# सरकारलाई सघाउन तातिए सचिवहरू

## कर्मचारी दरबन्दी २० प्रतिशत कटौती, अनावश्यक निकाय खारेज

- संघीय मन्त्रालय, आयोग, सचिवायल, कार्यालयमा रहेका दरबन्दी औसतमा २० प्रतिशत कटौती गर्ने
- अनावश्यक देखिएका सरकारी संरचना/निकाय खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गर्ने
- कर्मचारीले बैठक भत्ता नलिने, कार्यालयले गर्ने राष्ट्रियस्तरका सबै गोष्ठी, सेमिनार, कार्यशाला, अन्तरक्रियाजस्ता कार्यक्रम सरकारी भवन तथा हलमा आयोजना गर्ने
- क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, मर्मतसम्भार तथा मालसामान खरिद कार्यलाई तत्काल अगाडि बढाउने
- विद्यमान खरिद ऐन तथा नियमावलीले छिटो र सरल विधिबाट खरिद गर्न अप्ठ्यारो पर्ने देखिएमा संशोधन गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुशीला कार्की नेतृत्वको सरकारलाई सघाउन सरकारका सचिवहरू तातिएका छन् । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सरकारको नीतिलाई सघाउनेगरी सचिवहरूको मंगलबार बसेको बैठकले निर्णय गरेको हो ।

सचिव बैठकको निर्णयमा कर्मचारीको दरबन्दी कटौतीदेखि अनावश्यक सरकारी संरचना/निकाय खारेज गर्नेसम्मका बुँदा समेटिएका छन् । बैठकले संघीय मन्त्रालय, आयोग, सचिवालय, कार्यालयमा रहेका दरबन्दी औसतमा २० प्रतिशत कटौती गरी संशोधित दरबन्दी संरचना स्वीकृतिका लागि आसोज २० गतेभित्र मन्त्रिपरिषद्मा पेस गर्ने निर्णय गरेको छ । यो निर्णयबाट करिब १० हजार कर्मचारी कटौती हुने बताइएको छ ।

'अनावश्यक देखिएका सरकारी संरचना/निकाय खारेज गर्ने, गाभ्ने तथा हस्तान्तरण गर्ने प्रक्रिया प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिवले सम्बन्धित मन्त्रालयसँग समन्वय गरी तत्काल अगाडि बढाउने,' निर्णयमा उल्लेख छ ।

यस्तै, हालको विषम् परिस्थितिमा सार्वजनिक खर्चमा मितव्ययिता ल्याउने, सरकारका कुनै पनि कर्मचारीले बैठक भत्ता नलिने, कार्यालयले गर्ने राष्ट्रियस्तरका सबै गोष्ठी, सेमिनार, कार्यशाला, अन्तरक्रियाजस्ता कार्यक्रम सरकारी भवन तथा हलमा आयोजना गर्ने गराउने र प्रदेश तथा स्थानीय तहको हकमासमेत सोहीअनुसार गर्न गराउन अनुरोध गर्ने निर्णय गरिएको छ ।

बैठकले चालु आर्थिक वर्षमा स-साना रकम विनियोजन भएका आयोजना (टुक्रे आयोजना) को हकमा दायित्व सिर्जना भइनसकेका आयोजना सबै मन्त्रालय तथा निकायले कार्यान्वयन नगर्ने र त्यस्ता आयोजनामा विनियोजित रकम क्षतिग्रस्त संरचनाको पुनर्निर्माण/मर्मत सम्भार तथा यन्त्रउपकरण खरिदका लागि रकमान्तर/स्रोतान्तर गर्ने निर्णय पनि गरेको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमश:

## नेतृत्व छाड्न...

उनले दाहाल जनयुद्धको लिगेसीसहित स्थापित नेतृत्व हुनाले उनको विकल्प तत्काल खोज्न आवश्यक नभएको बताए । तर, पार्टीको एउटा पंक्तिले दाहाललाई नेतृत्वबाट अलग भएको हेर्न चाहेको छ । जेन-जीहरूले पनि उनलाई 'नो नट अगेन' भनिसकेका छन् । दाहालले भने यसबारे मुख खोलेका छैनन् ।

जेन-जी आन्दोलनले नै सत्ताच्युत गरेका एमाले अध्यक्ष ओलीलाई नेतृत्व छाड्न झनै दबाब छ । समयमा नै उनको चेत खुलेको भए देशले यति ठूलो क्षति बेहोर्नुपर्ने थिएन भन्दै ओलीविरुद्ध उनकै दलका नेताहरू खुलेर बोल्न थालेका छन् । जेन-जी आन्दोलनपछि सबैभन्दा पहिले ओलीको विकल्प खोज्ने पोलिटब्युरो सदस्य गोकुल बाँस्कोटा हुन् । त्यसका लागि सबै तयार हुनुपर्नेमा उनको जोड छ । 'समय, परिवेश, प्रकृति, प्रक्रिया र समाज विज्ञानका नियमले नेतृत्व बदल्छ सबै तयार हुनैपर्छ,' बाँस्कोटाले सोमबार सामाजिक सञ्जालमा लेखे ।

केन्द्रीय सदस्य झपट रावल, उषाकिरण तिमल्सिना, रचना खड्कालगायत नेताहरूले ओलीलाई पार्टी अध्यक्ष त्याग्न दबाब बढाइरहेका छन् । ओलीकै कारण देशले गम्भीर क्षति बेहोरेको उनीहरूको ठहर छ । पार्टी र आन्दोलनले थप क्षति नबेहोर्ने स्थितिका लागि पनि ओली पाखा लाग्नुपर्ने उनीहरूको तर्क छ । तर, ओली पार्टीको ११औं महाधिवेशनबाट अध्यक्षमा तेहरिने दाउमा छन् । त्यसका लागि उमेर हद र दुई कार्यकालको प्रावधान विधानबाट हटाइसके । ११ वर्षदेखि पार्टी सत्तामा रहेका र राज्यसत्तामा पटक-पटक प्रधानमन्त्री भएर हालिमुहाली गरेका उनी जेन-जी आन्दोलनको मुख्य तार्गेटमा थिए । उनलाई राजनीतिबाट सन्यास लिन जेन-जी आन्दोलनमात्रै होइन, पार्टीकै नेता कार्यकर्ताबाट चर्को दबाब छ । सेनाको घेरामा भएका हुनाले ओलीले यसबारे थप बोलेका छैनन् ।

विघटित प्रतिनिधिसभाको प्रमुख दल नेपाली कांग्रेसमा सभापति देउवामाथि ढिला नगरी नेतृत्व हस्तान्तरण गर्न दबाब छ । खासगरी, महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा मुखरित भएर परिवर्तित राजनीतिक परिवेशमा नेतृत्वले मार्गप्रशस्त गर्नुपर्ने बताइरहेका छन् । मुलुकमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमको मूल मर्मलाई आत्मसात् गरेर सभापति देउवाले मार्गप्रशस्त गर्नुपर्ने उनीहरूले बताउने गरेका छन् । त्यसो गरिए कांग्रेसले थप क्षति बेहोर्नुपर्ने उनीहरूको तर्क छ । उनीहरूका अनुसार कांग्रेसलाई आमूल सुधार गर्नुपर्छ ।

'जेन-जी आन्दोलनले उठाएको भ्रष्टाचारमुक्त राज्य र समाजको नेतृत्व गर्ने पार्टी बनाउनेगरी पार्टीको सदस्यता, संगठन संरचना, नेतृत्व चयन प्रक्रियादेखि हाम्रा मुद्दा र शैली सबैमा आमूल सुधार जरूरी छ,' महामन्त्री थापाले भनेका छन् ।

तर, देउवा घाइते भएर उपचार गरिरहँदा नेतृत्व हस्तान्तरणको मुद्दा उठाएपछि देउवापक्षीय नेताहरू भने दुई महामन्त्रीसँग रुष्ट छन् । उनीहरूले मानवीय संवेदनालाई ख्याल नगरेको भनेर आलोचना गरिरहेका छन् ।

■■■

## चुनावी...

नसके १५ दिन समय थप्ने योजना छ । सक्दो एक्सपर्ट (विज्ञ) राख्ने । विविध क्षेत्रका तीन जना विज्ञ राख्नेछौं,' कार्कीले भनेकी छन् । यद्यपि, यो दुई महिना चाडबाडका कारण बिदा हुने भएकोले सरकारलाई काम गर्न मुस्किल हुने देखिन्छ । आज नयाँ सरकारले नै जेन-जी सहिदको नाममा सार्वजनिक बिदा दिएको छ । यसैगरी दसैं तिहार र छठसम्म गरी असोज र कात्तिक लगभग बिदामै जाने देखिन्छ । यस्तो अवस्थामा सरकारलाई आफूले सोचेजस्तो काम गर्न मुस्किल हुने देखिन्छ । आगजनीले क्षतिग्रस्त भएका कारण गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालय नयाँ भवनमा काम चलाउनुपर्ने अवस्थामा छन् ।

अर्थतन्त्र लयमा फर्काउनु

जेन-जी आन्दोलनका क्रममा निजी क्षेत्रका संरचनामा पनि आक्रमण भएका छन् । होटल हिल्टन, हायत होटल, दूरसञ्चार संस्था एनसेलदेखि विभिन्न व्यवसायमा आक्रमण भएका छन् । निजी क्षेत्रको मनोबल उकास्न सरकारले कर छुटदेखि विभिन्न सहुलियत दिनुपर्ने माग सारिएको छ । यस्तो बेला ऊर्जामन्त्री घिसिङले आफ्नो पहिलो निर्णयमै उद्योगीबाट असुल गर्न बाँकी डेडिकेटेड र ट्रंकलाइन लिएबापतको विद्युत् शुल्क उठाउने घोषणा गरेका छन् । अर्थतन्त्र संकटमा रहेको बेला र निजी क्षेत्रमाथि आक्रमण भएको बेला सरकारलाई यो बक्यौता उठाउन मुस्किल हुने देखिन्छ । यतिमात्र हैन अहिले देश एफएटिएफको 'ग्रे लिस्ट'मा रहेको छ । घरजग्गा कारोबार ठप्प छ । आर्थिक मन्दीमा सरकार 'बोल्ड' भएर अघि बढ्दा उद्योग व्यवसायी भड्किने त्रास उत्तिकै देखिन्छ ।

कार्की नेतृत्वको अर्को चुनौती हो- कर्मचारीतन्त्रको मनोबल उकास्ने । देशभरको प्रशासन केन्द्रमा आक्रमण भएका छन् । अहिले प्रशासकहरूमाथि कारबाही हुनुपर्ने स्वर चर्को बन्दै गएको छ । प्रहरी चौकीहरू भत्किएका छन् । प्रहरीको हतियार खोस्नेदेखि प्रहरीलाई खोलैखोला कुदाएका दृश्यले उनीहरूको मनोबल खस्किएको पुष्टि हुन्छ । यतिमात्र हैन सरकारको आदेश मान्ने प्रहरीमाथि विद्रोही पक्षबाट अनेकन आरोप आउँदा अझै पनि सहजसँग काममा फर्कन सकेका छैनन् । अदालतहरूमा न्यायाधीशहरूको अवस्था त्यस्तै देखिन्छ । यस्तो अवस्थामा कार्की नेतृत्वको सरकारले कर्मचारीको मनोबल उच्च बनाउनुपर्ने देखिन्छ ।

दलहरूलाई विश्वासमा लिनु

कार्की नेतृत्वको सरकारलाई अर्को महत्त्वपूर्ण चुनौती हो, दलहरूलाई विश्वासमा राख्नु । फागुन २१ गते चुनाव सम्पन्न गर्ने जिम्मेवारी पाएको हुनाले दललाई विश्वासमा लिनु अति आवश्यक हुन्छ । कारण, प्रदेशदेखि स्थानीय सरकारमा प्रमुख दलको संरचना रहेको छ । यसैगरी चुनावसम्म जान विश्वसनीय वातावरण नबने दलहरू चुनावमा नजान सक्छन् । यसैले दलहरूलाई विश्वासमा लिनैपर्ने बताउँछिन् राजनीतिक विश्लेषक इन्द्रा अधिकारी । 'अहिलेका प्रधानमन्त्री सुशीला कार्की संस्था हैन । उहाँ प्रतिनिधिमात्र हो जेन-जी समूहले मन पराएको । अरु राजनीतिक दल संरचनामा व्यप्त छन् । समाजमा संगठन छन् । उनीहरूले यो सरकारको अपनत्व लिएका छैनन्,' अधिकारीले भनिन् । यसैले पनि कार्की नेतृत्वको सरकारले राजनीतिक दलका नेतृत्वसँग छलफल गरी विश्वासमा नलिई धेरै नपाइने बताउँछिन् ।

■■■

## सरकारलाई...

बैठकले विषम् परिस्थितिमा क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, मर्मतसम्भार तथा मालसामान खरिद कार्यलाई विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधानबमोजिम तत्काल अगाडि बढाउने निर्णय गरेको छ । विद्यमान खरिद ऐन तथा नियमावलीले छिटो र सरल विधिबाट खरिद गर्न अप्ठ्यारो पर्ने देखिएमा ऐन नियमावलीको संशोधनको प्रक्रिया प्रधानमन्त्री तथामन्त्रिपरिषद्कोकार्यालय/सार्वजनिक खरिद अनुगमन कार्यालयले तत्काल अगाडि बढाउने प्रस्ताव अघि सारेको छ ।

'क्षतिग्रस्त संरचनाबारे प्रकोपपश्चात्को आवश्यकता मूल्यांकनका लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा अघि बढाउन प्रस्ताव गर्नुपर्छ,' निर्णयमा भनिएको छ ।

सचिव बैठकले वर्तमान अन्तरिम सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको चुनाव सम्पन्न गर्ने जिम्मेवारी पाएको सन्दर्भमा तोकिएको समयमै स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा आमनिर्वाचन गराउने कार्यमा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी सक्रिय रूपमा सहभागी हुने प्रतिबद्धता व्यक्त गरेको छ । यस विषम् परिस्थितिमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, खानेपानी, स्वास्थ्य उपचार, सार्वजनिक यातायात, खाद्यान्न तथा औषधि आपूर्ति, टेलिफोन, विद्युत्, न्याय सम्पादनलगायत अत्यावश्यक सेवा अवरुद्ध हुन नदिन सम्बद्ध निकायहरूले तत्काल आवश्यक प्रबन्ध मिलाउने निर्णय गरिएको छ ।

निर्णयमा भनिएको छ, '२३ र २४ गतेको विरोध प्रदर्शनका क्रममा आगजनी र तोडफोडबाट क्षति हुन पुगेका भौतिक संरचना, यन्त्र, उपकरण, सवारीसाधन, फर्निचर, सूचना प्रणालीलगायतको वास्तविक क्षति तथा नोक्सानीको यथार्थ विवरण सम्बन्धित मन्त्रालय/निकायले तयार गर्नाका साथै क्षतिपूर्तिका लागि गर्नुपर्ने कार्यको विस्तृत कार्ययोजना तयार गरी सम्बन्धित मन्त्रालय/निकायले तत्काल कार्य प्रारम्भ गर्ने छ ।'

आन्दोलनका क्रममा ध्वस्त भई नयाँ खरिद गर्नुपर्ने फर्निचरलगायतका सामान खरिद गर्दा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने, 'जेन-जी' युवा पुस्ताको चाहनाबमोजिम सार्वजनिक सेवा प्रवाह एवं निर्णय प्रक्रिया चुस्त, मितव्ययी र प्रभावकारी बनाउन बाधक देखिएका मापदण्ड, कार्यविधि तथा निर्देशिका तत्काल खारेजी वा संशोधनको प्रक्रिया अगाडि बढाउने र नागरिकलाई प्रत्यक्ष सेवा प्रवाह गर्नुपर्ने कार्यालयमा कर्मचारी दरबन्दी रिक्त रहेको भए सम्बन्धित कार्यालयको अनुरोधमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्काल पदपूर्ति गर्ने बैठकले निर्णय गरेको छ ।

जेन-जी प्रदर्शनका क्रममा विभिन्न सरकारी निकाय, संस्थान र निजी घर तथा व्यावसायिक प्रतिष्ठानबाट चोरिएका/लुटिएका सामान सम्बन्धित निकाय वा नजिकको प्रहरी चौकीमा फिर्ता बुझाउन सार्वजनिक आह्वान गर्ने निर्णय भएको बैठकपछि जारी विवरणमा उल्लेख छ ।

■■■

## कोरियामा...

साथै, सरकारले पठाउँदै आएको इपिएस प्रणालीमार्फत नै निष्पक्ष र पारदर्शी हिसाबमा श्रमिकहरू जान सक्ने पत्रमा भनिएको थियो । इ-७ भिसामा कोरिया जाने कार्यविधि बने पनि कार्यान्वयनमा भने आएको थिएन । यसको फाइदा उठाउँदै कतिपयले भने रकम संकलन गर्नसमेत थालिसकेका बताइएको छ । विभागको कल सेन्टरमा इलामलगायत पूर्वका जिल्ला तथा काठमाडौंबाट पनि उजुरी आएको जानकारी दिइएको छ ।

सरकारले आफ्नो माग पूरा गरिदिएपछि कोरिया श्रमिक पठाउने तरखरमा रहेका व्यवसायीहरू भने निराश भएका छन् । म्यानपावरबाट ई-७ भिसामा काम नगर्न नगराउन अख्तियारबाट पत्र आएको हल्ला सुने पनि पत्र फेला नपरेको एक व्यवसायीले बताए । 'हाम्रो एउटै कुरा छ, ऐनमा पनि के व्यवस्था छ भने वैदेशिक रोजगारीका लागि काम गर्ने भनेको इजाजतवाला संस्थाले मात्र हो । सरकारले नै गर्ने भए त फरक कुरा भयो,' उनले भने, 'यसबारेमा हामी थप बुझ्छौं ।'


### कुवेतमा रोजगार
कम्पनी : AL-DIWAN JOINT GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 331061 | चलानी नं. ६०२४४८७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 8 | 0 | 120 | ५५,४२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET **Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७

### बहराइनमा रोजगार
कम्पनी : AMRITSAR PUNJABI DHABA W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331150 | चलानी नं. ६०२४४८९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cook | 1 | 0 | 150 | ५६,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | waiter/waitress | 0 | 2 | 120 | ४४,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SHADA EMPLOYMENT SERVICES PVT.LTD.
Gaushala-9, Opposite to Hotel Dwarika, Nepal, Tel: 01-4565453
E-mail : dawa007grg@gmail.com, md@shadaes.com.np, Website : www.shadaes.com.np
श्रम ईजाजत नं. १३८७/०७४/०७५

### ओमनमा रोजगार
कम्पनी : DURSAAF INTERNATIONAL

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331117 | चलानी नं.६०२४४८८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN GENERAL | 0 | 1 | 170 | ६२,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

### कतारमा रोजगार
कम्पनी : HIMALAYAN KASTURI RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 331080 | चलानी नं. ६०२४४८७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 2 | 0 | 1300 | ५०,३३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | COOKER/COOK | 3 | 0 | 1500 | ५८,०७८ | | | | | | | |
| 3 | HOTELS ROOM CLEANER | 2 | 0 | 1000 | ३८,७१९ | | | | | | | |
| 4 | Waiter | 3 | 0 | 1400 | ५४,२०६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


# Sunchhahari Rural Municipality

# Office of The Rural Municipal Executive

## Pobang, Rolpa

## Invitation for E-Bids

**Invitation for National Competitive Bidding for the Construction Work on the Following Project**
**(Date of Publication: 17-09-2025, 10:00 am)**

1. Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, invites electronic bids from eligible bidders for the construction of Following Project for, under National Competitive Bidding Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa ,Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank; Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa
   Name of the Office: Sunchhahari Rural Municipality, Pobang, Rolpa
   Office Code No: 801055409
   Office Account Name &No: GA 1.1 ANTARIK RAJASWA KHATA 43595241207004 (for Bid document fee)
   Dharauti Khata Name &No.: GA.3 SUNCHHAHARI DHARAUTI KHATA 43525240600003 (for Bid Security)
4. Electronic bids must be submitted to the office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, Nepal through PPMO websitewww. bolpatra.gov.np. on or before **17-10-2025 12:00**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **17-10-2025, 14:00**.at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa- Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid Security, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Contract Name | Estimated Amount (Excluding VAT)Rs. | Bid Security Rs. | Bid Fee Rs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SRM/WORKS/ NCB/03/082-083 | Kimleghat Seram Gramin Krishi Sadak Punasthapana Yojana | 4,339,017.86 | 125,000.00 | 3,000.00 | NCB |
| 2. | SRM/WORKS/ NCB/04/082-083 | Pobang Dhaara Palika Khelmaidan Gramin Krishi Sadak Punasthapana Yojana | 4,856,840.63 | 140,000.00 | 3,000.00 | NCB |
| 3. | SRM/WORKS/ NCB/05/082-083 | Tasalkuna Baamari Hamja Gramin Krishi Sadak Panasthapana Yojana | 4,337,800.35 | 125,000.00 | 3,000.00 | NCB |

**Chief Administrative Officer**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०६/०४ मा दर्ता भएको **प्रा. लि. नं. २७२४७६** को **डेली नेपाल अनलाइन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. १०६६६५ को **इनर्जिया प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८२/०६/०२ गते**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फार्म ईट** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/१६ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **वृक्षालय डिजाइन (दर्ता नं. २१३१६७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

# एकता समितिको अगुवाइमा सुकेधारा प्रहरी चौकीको पुनर्निर्माण

## तिलिङटार र मछापोखरीको चौकीको काम जारी

**काठमाडौं (प्रस)**– नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिले जेन-जी आन्दोलका क्रममा ध्वस्त पारिएको सुकेधारास्थित प्रहरी चौकीको पुनर्निर्माण गरेको छ। सुकेधारादेखि नयाँ बसपार्कसम्म रहेका चौकीहरूको पुनर्निर्माण गर्ने योजनाअनुरुप उक्त काम थालिएको समितिका अध्यक्ष हरिबहादुर पाण्डे बताए। अब तिलिङटार र मछापोखरीको चौकी पनि चाँडै बनाउने उनले बताए।

गत हप्ता भएको जेन-जी आन्दोलनबाट उक्त क्षेत्रमा पर्ने चारवटा चौकीमध्ये बसपार्क र सुकेधाराको चौकी पूर्णरुपमा ध्वस्त पारिएको थियो । चक्रपथ र तिलिङटारको चौकी मर्मत गर्नुपर्ने अवस्थामा छ। सबैभन्दा बढी क्षति भएको चक्रपथको चौकी बनाउन हेडक्वार्टरबाट बजेट आउने भएकाले त्यहाँ खर्च गर्ने रकम माछापोखरीको चौकीमा खर्च गरिने अध्यक्ष पाण्डेले बताए।

उनका अनुसार माछापोखरीमा एक तलाको चौकी थियो। जलेर नष्ट भएको उक्त चौकीमा समितिले अर्को एक तला थपिदिने जानकारी दिएको छ। यसका लागि समितिले १५ लाख खर्च गर्ने अध्यक्ष पाण्डेले बताए। त्यहाँ खर्च गरेर बाँकी भएको रकम नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई सहयोग गर्ने उनको भनाइ छ।

सुरक्षा संयन्त्रविनाको समाज असुरक्षित हुने भएकाले व्यवसायीकोसमेत सुरक्षालाई मध्यनजर गर्दै यो कदम चालिएको उनले बताए। 'प्रहरीविनाको देश कस्तो हुने रहेछ भन्ने कुरा अहिले महसुस गरेका छौं। हामी व्यवसायमात्र गर्दैनौं। सामाजिक काम पनि गरिरहेका छौं,' अध्यक्ष पाण्डेले भने, 'विगतमा २०७२ को भूकम्प होस् या सिन्धुपाल्चेकको जुरे पहिरो, विपद्को बेला सहयोग गर्दै आएका छौं। सामाजिक उत्तरदायीत्वको हिसाबले यो काम गरिरहेका हौं।' दसैंभन्दा पहिला प्रहरीलाई ओतमुनि बसेर काम गर्ने वातावरण मिलाउन दिनरात खटिरहेको उनले बताए।

समितिले तीनवटा समूह बनाएर कार्यविभाजन गरेको छ। सुकेधाराबाट चक्रपथसम्मका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वउपाध्यक्ष सन्जु गुरुङको संयोजकत्वमा कृष्ण ढकाल, गोविन्द कटवाललगायतले सहयोग गरेका थिए। चक्रपथदेखि बसुन्धराको तिलिङटारम्म संघका द्वितीय उपाध्यक्ष देवकुमार खोखालीको संयोजकत्वमा राज लामा, बिएन सुब्बा, लक्ष्मण पौडेल, नरेश अर्लामी मगरलगायतले काम गरिरहेको समितिले जानकारी दिएको छ। दुई-तीन दिनमा उक्त चौकीको पुनर्निर्माण सम्पन्न गरेर हस्तान्तरण गर्ने समितिको भनाइ छ।

बसुन्धरादेखि माछापोखरीसम्म समितिका अध्यक्ष पाण्डेकै संयोजकत्वमा सुशिल केसी, हरिस कुँवर, तारानाथ अर्याल, नरेन्द्र ढकाल, जगतनारायण श्रेष्ठ, एमबहादुर बिसी, नूरमोहम्मद मियाँ, भीष्मराज सिवाकोटी, निर्मल जिसी, शालिकराम गौतम, विनोदजंग केसीलगायतले समन्वय गरिरहेको जानकारी दिइएको छ।



भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा मृत्यु भएकाहरूको मंगलबार पशुपतिमा राष्ट्रिय सम्मानका साथ दाहसंस्कार गरिँदै।

*तस्बिरः सन्तोषराज खरेल/प्रभाव*

# प्रहरी कार्यालय पुनर्निर्माणमा जुट्दै स्थानीयवासी



■ प्रभाव संवाददाता

**काठमाडौं**– यही भदौ २३ र २४ गते जेन-जी पुस्ताको प्रदर्शनका क्रममा तोडफोड भएका प्रहरीका भौतिक संरचना पुनर्निर्माणमा स्थानीयवासी जुट्न थालेका छन्।

कोटेश्वरको नरेफाँटस्थित कोटदेवी विद्यानगर समाज सुधार समितिको संयोजनमा प्रहरी चौकी नरेफाँटको पुनर्निर्माण सम्पन्न भएको छ। समितिले एक थान मोटरसाइकलसमेत हस्तान्तरण गरेको छ।

यस्तै, बसुन्धरास्थित प्रहरी प्रभागको भवनसमेत पुनर्निर्माण गर्न थालिएको छ। चाडपर्व नजिकिएसँगै हुने चोरी डकैतीका घटनालाई समेत ध्यानमा राखेर स्थानीयवासीले प्रहरी चौकी निर्माण थालेका हुन्। युवा व्यवसायी दीपक भट्टको संयोजकत्वमा टोली नै बनाएर पुनर्निर्माण गरिँदै छ।

यसैगरी, काठमाडौं महानगरपालिका-१६ प्रहरी वृत्त लैनचौरको भवन पुनर्निर्माण सम्पन्न भएको छ। ठमेल पर्यटन विकास परिषद् र ठमेल क्षेत्रका व्यवसायीको सहयोगमा उक्त भवन पुनर्निर्माण गरिएको परिषद्का उपाध्यक्ष सहदेव धमलाले जानकारी दिए। ठमेल क्षेत्रको सुरक्षामा प्रहरी वृत्त लैनचौर र दरबारमार्गको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ।

ट्राफिक प्रहरी प्रभाग नयाँबसपार्कको भवनसमेत पुनर्निर्माण भइरहेको छ। नयाँबसपार्क क्षेत्रका स्थानीय संघसंस्था र यातायात व्यवसायी तथा मजदुरको सहकार्यमा पुनर्निर्माण गर्न थालिएको हो।

यसैगरी उपत्यकाबाहिर धादिङमा तोडफोड तथा आगजनी भएका ११ प्रहरी चौकीमध्ये सात प्रहरी चौकी पुनर्निर्माण गरी काम सञ्चालन गरिएको प्रहरी उपरीक्षक भेषराज रिजालले जानकारी दिए।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक शेखर खनालले काठमाडौं उपत्यकाभित्र मात्र २१८ प्रहरी कार्यालयमा आगजनी र तोडफोड भएको जानकारी दिए। जसमा ११२ प्रहरी कार्यालयका भवन पूर्णक्षति र ९६ कार्यालयका भवनमा आंशिक क्षति भएको छ। यस्तै, ११७ चारपांग्रे सवारीसाधन पूर्णक्षति भएका छन् भने चार सवारीसाधनमा आंशिक क्षति भएको छ। यसैगरी १५८ दुईपांग्रे सवारीसाधनमा क्षति भएको प्रवक्ता खनालले बताए।

प्रहरी प्रवक्ता, प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले प्रहरी कार्यालय र प्रहरीका सवारी साधनमा भएको क्षतिको यकिन गर्ने काम भइरहेको बताए। कतिपय स्थानमा प्रदर्शनका क्रममा क्षति भएका प्रहरी कार्यालय पुनर्निर्माण गरी प्रहरीलाई 'ड्युटी'मा खटाउने काम सुरु भइसकेको प्रवक्ता घिमिरेले बताए।

## उच्च मनोबलका साथ काममा खटिन गृहमन्त्रीको निर्देशन

काठमाडौं (प्रस)- गृहमन्त्री ओमप्रकाश अर्यालले उच्च मनोबलका साथ काममा खटिन ट्राफिक प्रहरीलाई निर्देशन दिएका छन्। उनले मंगलबार काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको निरीक्षण गर्दै उक्त निर्देशन दिएका हुन्।

सोही क्रममा गृहमन्त्री अर्याललाई काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्की, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीलगायतले ट्राफिक प्रहरी कार्यालयको पछिल्लो अवस्थाका बारेमा जानकारी गराएका थिए। सो अवसरमा गृहमन्त्री अर्यालले ट्राफिक प्रहरीका भवन निर्माणलगायतमा सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। यही भदौ २३ र २४ गते भएको 'जेन-जी पुस्ता'को प्रदर्शनका क्रममा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय, ट्राफिक पोसाक र साधनसमेत जलेर नष्ट भएका थिए।

# सञ्चारगृहमा भएका क्षतिको महासंघद्वारा अनुगमन

**काठमाडौं (प्रस)**– जेन-जी प्रदर्शनका क्रममा सञ्चारगृहहरूमा पनि क्षति पुगेको छ। आन्दोलनका क्रममा कान्तिपुर टेलिभिजन, कान्तिपुर पब्लिकेसन, अन्नपूर्ण पोस्ट, थाहासञ्चार नेटवर्कलगायत सञ्चारगृहमा क्षति पुगेको छ। संरचनालाई प्रतीकात्मकरूपमा देखाएर सञ्चारगृहले सेवा दिइरहेका छन्।

सञ्चारगृहमा भएको क्षतिको नेपाल पत्रकार महासंघले अनुगमन गरेको छ। सोमबार स्थलगत अनुगमन गर्दा सञ्चारकर्मीले भौतिक संरचना ध्वस्त भए पनि पत्रकारितालाई जीवित राखेर लोकतन्त्रको रक्षा गरेको महासंघले निष्कर्ष निकालेको छ। यद्यपि आन्दोलनका क्रममा सञ्चारगृहका भौतिक संरचनामा क्षति पुग्नाका साथै पत्रकार हरूमाथि शारीरिक कुटपिट हुनु अत्यन्त निन्दनीय रहेको महासंघले जनाएको छ।

आन्दोलनमा ठूलो भौतिक र शारीरिक क्षति पुगे पनि सूचना प्रवाहमा पत्रकारिताको दायित्व कायम राख्नु प्रशंसनीय रहेको महासंघकी अध्यक्ष निर्मला शर्माले बताइन्। सञ्चारगृह र पत्रकारमाथि भएको क्षतिको अनुगमनको विस्तृत प्रतिवेदन केही समयपछि प्रकाशन गरिने अध्यक्ष शर्माले जानकारी दिइन्। उनका अनुसार कान्तिपुर, अन्नपूर्ण पोस्ट, कान्तिपुर एफएमलगायत केही सञ्चारगृहमा नियोजित ढंगले तोडफोड र आगजनी गरिएको पाइएको छ।

त्यसैगरी उपत्यकाबाहिर पनि पत्रकार र केही सञ्चारगृहमा क्षति पुगेको छ। जेन-जीको प्रदर्शनको बहानामा आ-आफ्नो स्वार्थ लिएका समूहले सञ्चारगृहमाथि तोकेर आक्रमण गरेको पाइएको उनले बताइन्। महासंघको अनुगमनपछि सरकारसमक्ष घाइते पत्रकारहरूलाई तत्काल र दीर्घकालीन उपचारको व्यवस्था गर्नाका साथै मिडियामाथि भएको तोडफोडको क्षतिपूर्तिको माग गर्ने निर्णय गरेको अध्यक्ष शर्माको भनाइ छ।


**कतारमा रोजगार** कम्पनी : M L A AUTHORIZED TRANSLATION AND PHOTOGRAPHY AND TYPING CENTER

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | LT. No. 331111 | चलानी नं. ६०२४४८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 1 | 1000 | ३८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Photographer | 0 | 2 | 2500 | ९६,७९५ | | | | | | | |
| 3 | press workers | 2 | 0 | 1100 | ४२,५९० | | | | | | | |
| 4 | Translator | 0 | 2 | 2500 | ९६,७९५ | | | | | | | |
| 5 | Typist | 1 | 0 | 1300 | ४०,३३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**कतारमा रोजगार** कम्पनी : ABBAN CONTRACTING AND HOSPITALITY

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 317524 | चलानी नं. ६०२३१७९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 1 | 0 | 2500 | ९६,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen Clean Workers | 1 | 0 | 1100 | ४२,५९० | | | | | | | |
| 3 | General Supervisor | 0 | 2 | 2500 | ९६,७९६ | | | | | | | |
| 4 | Labour | 4 | 0 | 1000 | ३८,७१८ | | | | | | | |
| 5 | Safety Supervisor | 2 | 0 | 2500 | ९६,७९६ | | | | | | | |
| 6 | Sales Superviser | 1 | 0 | 2500 | ९६,७९६ | | | | | | | |
| 7 | Supervisor | 2 | 0 | 2500 | ९६,७९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.** Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com



**कतारमा रोजगार** कम्पनी : PINK PEARL TRADING, CONTRACTING & DECORATION WLL

पूर्व स्वीकृति मिति : २०८२/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 325971 | चलानी नं. ६०२३९९२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 3 | 3 | 1000 | ३८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 1400 | ५४,२०५ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 2 | 1000 | ३८,७२० | | | | | | | |
| 4 | Ground Host for Reservation | 3 | 3 | 1400 | ५४,२०५ | | | | | | | |
| 5 | Ground Steward (Male) | 3 | 0 | 1000 | ३८,७२० | | | | | | | |
| 6 | Labour | 8 | 0 | 1000 | ३८,७२० | | | | | | | |
| 7 | Mason. | 8 | 0 | 1200 | ४६,४६० | | | | | | | |
| 8 | Plaster Worker | 5 | 0 | 1200 | ४६,४६० | | | | | | | |
| 9 | Receptionist | 0 | 2 | 1400 | ५४,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



**कतारमा रोजगार** कम्पनी : SUN FLAG CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/३१ | LT. No. 331177 | चलानी नं. ६०२४४९१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 2 | 0 | 1500 | ५८,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 0 | 3 | 1000 | ३८,७२० | | | | | | | |
| 3 | Dry Cleaning Worker | 0 | 5 | 1200 | ४६,४६० | | | | | | | |
| 4 | Labour | 3 | 0 | 1000 | ३८,७२० | | | | | | | |
| 5 | Office Cleaner | 0 | 2 | 1000 | ३८,७२० | | | | | | | |
| 6 | Plaster Worker (Plaster Mason) | 4 | 0 | 1200 | ४६,४६० | | | | | | | |
| 7 | Plumber | 3 | 0 | 1200 | ४६,४६० | | | | | | | |
| 8 | Sales Excutive | 0 | 1 | 4000 | १५४,८७५ | | | | | | | |
| 9 | Supervisor | 0 | 1 | 2500 | ९६,७९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ८ गते (24th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

प्रभाव दैनिक

बुधबार, ०१ असोज २०८२ (Wednesday, 17 September 2025)

रूपशाला

## 'जारी २ : सङ अफ च्याब्रुङ' कात्तिक ६ मा

जेन-जी आन्दोलनले रोकिएको फिल्म 'जारी २ : सङ अफ च्याब्रुङ'को प्रदर्शन मिति घोषणा भएको छ । निर्माता कम्पनी बाँसुरी फिल्म्सले तीन नयाँ पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति तय गरेको हो । जसअनुसार उपेन्द्र सुब्बा निर्देशित फिल्म तिहारको भाइटीका अवसरमा ६ कात्तिकमा देशब्यापी रिलिज हुनेछ । यसअघि सोही मितिमा 'वरिष्ठ बलराम' र 'सोल्टिनी'ले पनि प्रदर्शन मिति घोषणा गरिसकेका छन् । ७ कात्तिकमा 'मैभ्कारो' पनि आउने तय छ । दयाहाङ राई र मिरूना मगर स्टारर 'जारी २' दुई वर्षअघि प्रदर्शनमा आएको सुपरहिट फिल्म 'जारी'को दोस्रो श्रृंखला हो । पहिलो भागले घरेलु बक्सअफिसमा १७ करोडभन्दा धेरै कलेक्सन गरेको थियो ।




# लिला जितिन् मिसेस नेपाल अस्ट्रेलियाको उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** मिसेस नेपाल अस्ट्रेलिया २०२५ को ताज लिला तिवारी पौडेलले हात पारेकी छिन् । अस्ट्रेलियाको मेलबर्नमा सम्पन्न कार्यक्रममा लीलाले ताजसँगै 'एलीगेन्ट वाक' उपाधि समेत हात पारेकी थिइन् । उनले ताजसँगै १,००० अष्ट्रेलियन डलरको नगद पुरस्कार, लेट मी इन कोरियन हस्पिटल नेपालबाट ५०,००० रुपैयाँ बराबरको गिफ्ट ह्याम्पर तथा विभिन्न अन्य उपहारहरू प्राप्त गरेकी थिइन् ।

पहिलो रनर-अपको उपाधि सिवानी कट्टेलले हात पारिन्, जसले 'कन्फिडेन्स' (आत्मविश्वास) पुरस्कार समेत जितिन् । उनले ६०० अष्ट्रेलियन डलर नगद, ३०,००० रुपैयाँ बराबरको गिफ्ट ह्याम्पर तथा विभिन्न अन्य उपहारहरू प्राप्त गरेकी थिइन् ।

दोस्रो रनर-अप आश्मा (एश) चालिसे घोषित भइन्, जसले 'ग्रेसफुल डीभा' (शालीन सुन्दरी) उपाधि जितिन् । उनलाई ४०० अष्ट्रेलियन डलर, २०,००० रुपैयाँ बराबरको गिफ्ट ह्याम्पर र अन्य उपहारहरू प्रदान गरियो । हाल मेलबर्न, भिक्टोरियाको मिकलह्याममा बसोबास गर्ने लीला पेशाले नर्स हुन् भने उनी नेपालको बुटवलबाट अस्ट्रेलिया पुगेकी हुन् ।

यस प्रतियोगिताको पहिलो संस्करणमा अस्ट्रेलियामा बसोबास गर्ने चौध जना नेपाली विवाहित महिलाहरूले सहभागिता जनाएका थिए । यो मात्र सौन्दर्य प्रतियोगिता नभई अन्तर्राष्ट्रिय स्तरमा नेपाली संस्कृति, परम्परा र प्रतिभाको उत्सव पनि थियो । प्रतियोगीहरूलाई विभिन्न उपाधिहरू मार्फत् उनीहरूको उत्कृष्टतालाई सम्मान गरिएको थियो ।

आकृति सापकोटाले बोल्ड एण्ड ब्युटी, आरती सिंहले इन्टेलेक्चुअल, जमुना अधिकारी रिजालले कन्जेनियलिटी, निवा प्रजापति साहुखलले सोशल इम्प्याक्ट एण्ड एलिगेन्ट पर्सनालिटी, सन्ध्या भट्टराईले हर्ट अफ गोल्ड, जस्मिन चौलागाईं ढकालले मिसेस पोइज, अनुजा मल्ल ढकालले ट्यालेन्ट, विद्या पनेरूले डिसिप्लिन, रश्मी अधिकारीले फोटोजेनिक, दीपा खनालले बेस्ट एटिच्युड र सरस्वती श्रेष्ठले फेसनिष्टा उपाधि हासिल गरेका छन् ।

# अमेरिकाको ८० हलहरूमा रिलिज हुँदै 'हरिबहादुरको जुत्ता'

■ प्रभाव संवाददाता

**काठमाडौं–** असोज १३ गते फूलपातीदेखि प्रदर्शनमा आउने चलचित्र 'हरिबहादुरको जुत्ता' अमेरिकाका ८० हलहरूमा एकसाथ रिलिज हुने भएको छ । चलचित्रलाई आहाना पौडेलले अमेरिकामा वितरण गर्न लागेका हुन् । पौडेलले अमेरिकामा फिल्म नेपालकै मितिमा लाग्ने जानकारी दिए ।

उनको वितरण कम्पनी चलचित्र इन्टरटेनमेन्ट एलएलसीले अमेरिकाका ८० हलहरूमा फिल्म रिलिज गर्न लागेको हो। पौडेलका अनुसार टेक्सास, न्यूयोर्क, ओहायो, पेन्सिलभेनिया, कनेक्टिकट, न्यू ह्याम्सायर, मासाचुसेट्स, नेब्रास्का, जर्जिया, मिजौरी, विसकन्सिन, नर्थ डेकोटा, मिनेसोटा, आयोवा, मेरिल्याण्ड, वासिङ्टन डीसी, भर्जिनिया, उटाह लगायतका सहर र राज्यमा फिल्म लाग्नेछ ।

त्यहाँका सिनेमार्क, सिनेपोलिस, रेगल सिनेमाज, मार्कस सिनेमाज र एप्पल सिनेमाज लगायतका चेनमा फिल्म रिलिजको तयारी भैरहेको आहानले जानकारी दिए । सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेको फिल्म दिपेन्द्र के खनालले निर्देशन गरेका हुन् ।

फिल्ममा हरिवंश आचार्य, प्रकाश सपुत, स्वस्तिमा खड्का, प्रियङ्का कार्की, राजाराम पौडेल, किरण केसी, दिनेश काफ्ले, सिता न्यौपाने, दिव्य देव लगायतका कलाकारको अभिनय छ ।




# धमाधम छायांकनमा फर्किंदै फिल्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक परिस्थितिका कारण बन्द भएका फिल्म हल सोमबारदेखि खुलिसकेको छ । यस्तै फिल्मकर्मी पनि धमाधम छायांकन, निर्माण र प्रचारप्रसारमा जुट्न थालेका छन् । जसअनुसार फिल्म '३६ को आँकडा' को पुनः छायांकन सुरु भैसकेको छ । सबिर श्रेष्ठ निर्देशक रहेको फिल्मको छायांकन काठमाडौँका विभिन्न स्थानमा भइरहेको हो ।

तीन दिन रोकिएपछि फिल्मको छायांकन सुरु गरेको निर्देशक सबिर श्रेष्ठले बताए । फिल्ममा रेखा थापा, पूजा शर्मा, महेश त्रिपाठी, पुष्प खड्का, निशा अधिकारी लगायतका कलाकारको अभिनय छ ।



यस्तै फिल्म 'परालको आगो'को पनि म्याग्दीबाट छायांकन सुरु भएको छ । निर्माता सुशील पोखरेलले सोमबारबाट फिल्मको छायांकन सुरु भएको जानकारी दिए । लक्ष्मण सुनारको निर्देशन रहने फिल्ममा प्रकाश सपुत, सौगात मल्ल, सुहाना थापा लगायतका कलाकारहरूको अभिनय रहनेछ ।

त्यस्तै फिल्म 'आ बाट आमा'को छायांकन पनि अहिले पुनः सुरु भैसकेको छ । निर्देशक चन्द्र पन्तले फिल्मको छायांकन सुरु भैसकेको जानकारी दिए । चितवनमा छायांकन भइरहेको फिल्म जेन-जी आन्दोलनको कारण एकदिन रोकिएको थियो । फिल्ममा विपना थापा, पल शाह, प्रदीप रावत, सिम्रन पन्त, उषा उप्रेती लगायतका कलाकारको अभिनय रहनेछ ।

रंगशाला

साफ यू-१७ च्याम्पियनसिप

# भारतद्वारा माल्दिभ्स ६-० ले पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं –** दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१७ च्याम्पियनसिपमा पछिल्ला चार संस्करणको च्याम्पियन भारतले सानदार सुरुआत गरेको छ ।

मंगलबार कोलम्बोस्थित 'कोलम्बो रेसकोर्स स्पोर्टस कम्प्लेक्स'मा सम्पन्न समूह 'बी'को पहिलो खेलमा भारतले माल्दिभ्समाथि ६-० को रवाफिलो जित हासिल गर्यो ।

भारतको जितमा डल्लामुवन गाङ्तेले दुई तथा ऋषिकेश छरण, कामगोहाउ डोउङ्गेल, गुनलेइबा वाङखेइराकपम र आजीम पर्भीज नजरले समान एक गोल गरे । भारते दुबै हाफमा समान तीन गोल गरेको हो ।

तल्लो उमेर समूहको साफ च्याम्पियनसिप १०औं संस्करणसम्म आइपुग्दा भारतले कीर्तिमानी ६ पटक उपाधि उचालेको छ ।

## उम्टिटीले लिए सन्यास

**काठमाडौं (प्रस)–** फ्रान्सका पूर्व डिफेन्डर र सन् २०१८ को विश्वकप विजेता सामुएल उम्टिटीले ३१ वर्षको उमेरमा व्यवसायिक फुटबलबाट सन्न्यास घोषणा गरेका छन् ।

गत सिजनपछि फ्रान्सेली लिग क्लब लिल छोडेका उनी त्यसयता क्लबविहीन थिए । सोमबार सामाजिक सञ्जाल इन्स्टाग्राममार्फत उम्टिटीले भने,'उतार-चढावले भरिएको करिअरपछि अब विदा हुने समय आएको छ । मैले आफ्नो सम्पूर्ण जोश र जाँगरसहित खेलें, मलाई कुनै पश्चाताप छैन ।'

बार्सिलोनाबाट उनले दुई ला लिगा उपाधि र तीन कोपा डेल रे जितेका थिए । फ्रान्सका लागि ३१ खेल खेलेका उनले चार गोल गरेका छन्, जसमा २०१८ को विश्वकप सेमिफाइनलमा बेल्जियमविरुद्धको १-० को जितमा निर्णायक हेडिङ गोल पनि समावेश छ ।

फ्रान्सका प्रशिक्षक डिडिएर डेसच्याम्प्सले उम्टिटीको योगदानलाई सम्झिँदै भने,'युरो २०१६ बाट राष्ट्रिय टोलीमा प्रवेश गरेका सामले २०१८ विश्वकप जित्न महत्त्वपूर्ण भूमिका खेले । बेल्जियमविरुद्धको गोल सबैले सम्झिरहनेछन् । उनको राफाएलसँगको साझेदारी, डिफेन्समा देखाएको दृढता र अन्तिम क्षणसम्म खेलेको साहसिक प्रदर्शन प्रेरणादायी थियो ।'

उम्टिटी २०१८ को विश्वकप विजेता टोलीबाट सन्न्यास लिने पाँचौं खेलाडी बनेका छन् । यसअघि ब्लेज माटुइडी, अदिल रामी, राफाएल भारेन र स्टीभ मन्डान्डाले सन्न्यास लिइसकेका छन् ।

आफ्नो करिअरको सुरुआत लियोनबाट गरेका उम्टिटीले सन् २०१२ मा फ्रेन्च कप जितेका थिए । तर, पछिल्ला वर्षमा लगातार चोटपटकका कारण उनी संघर्षरत रहे । लिलमा पनि उनले थोरै मात्र खेल्न पाए ।

उनी भन्छन्, 'लिलमा फर्किनका लागि मैले सबै प्रयास गरें । धेरैलाई थाहा छैन मैले कति संघर्ष गरें, तर मेरो शरीरले साथ दिन सकेन ।

# जेन-जी आन्दोलनमा ज्यान गुमाएका क्रिकेटर सुलभप्रति श्रद्धाञ्जलि




**काठमाडौं (प्रस)–** जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाएका क्रिकेटर सुलभराज श्रेष्ठ प्रति मंगलबार श्रद्धाञ्जलि अर्पण गरिएको छ ।

नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ र नेपाल खेलकुद पत्रकार मञ्चले त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) हातामा संयुक्त रुपमा श्रद्धाञ्जलि सभा आयोजना गरेका थिए ।

राखेपका सदस्यसचिव टंकलाल घिसिङ, राखेप कार्यकारी समितिका सदस्य भानबादुर चन्द, राखेपका सदस्य जगतसिंह धामी, खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, खेलकुद पत्रकार मञ्चका अध्यक्ष निरन्जन अधिकारी, ओलम्पियन संघका अध्यक्ष दीपक विष्ट, खेलाडी, सञ्चारकर्मीलगायतले सुलभप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरे ।

सोही अवसरमा स्व. सुलभसहित जेन-जी आन्दोलनका क्रममा शहादत प्राप्त गर्ने सम्पूर्णको सम्झनामा मौन धारण गरिएको थियो । आन्दोलनका क्रममा घाइते फुटबलर पवन शाहीसहित सम्पूर्णको शीघ्र स्वास्थ लाभको कामना गरिएको थियो ।

# बंगलादेश: युनुसको नेतृत्वमा निर्वाचनअघि बढेका चुनौतीहरू



**ढाका–** विद्यार्थी नेतृत्वको विद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको १५ वर्षे निरंकुश शासन अन्त्य हुँदै निर्वासनमा भाग्न बाध्य भएपछि बंगलादेश राजनीतिक उथलपुथलमा छ ।

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले आगामी फेब्रुअरीमा निर्वाचन गर्ने वाचा गरेको छ । तर १७ करोड जनसंख्या भएको मुस्लिम बहुल मुलुकमा राजनीतिक विभाजन र हिंसा बढ्दै जाँदा शंका गहिरिँदै गएको छ । चुनाव अझ पाँच महिना टाढा भए पनि हसिनाको पतनपछिका गठबन्धनहरू विखण्डन हुँदै गएका छन् ।

## मुख्य दलहरु को हुन् ?

हसिनाको अवामी लिग प्रतिबन्धित भएपछि प्रमुख राजनीतिक खेलाडी बंगलादेश नेसनालिस्ट पार्टी (बिएनपी) र इस्लामवादी जमात-ए-इस्लामी रहेका छन् । यससँगै विद्रोहको नेतृत्व गर्ने विद्यार्थी नेताहरूले बनाएको राष्ट्रिय नागरिक पार्टी (एनसिपी) पनि प्रमुख शक्ति बनेको छ । प्रतिद्वन्द्वी दलहरूले सडक हिंसाको आशंका व्यक्त गरिरहेका छन् भने युनुसले प्रक्रियामा विश्वास पुनःस्थापित गर्न संघर्ष गरिरहेका छन् ।

## युनुस कहाँ उभिएका छन् ?

८५ वर्षीय युनुसले चुनावपछि पदत्याग गर्ने घोषणा गर्दै 'चुनावको विकल्प छैन' भन्नेमा जोड दिएका छन् । तर उनको दैनिक राजनीतिबाट दूरी, साथै सेनाको संलग्नता वा समर्थनबारे उठेका प्रश्नहरूले अनिश्चितता बढाएका छन् ।

सेना प्रमुख जनरल वाकर-उज-जमान र शीर्ष अधिकारीबीच हालै भएका बैठकहरूले अनुमानलाई थप उकासेको छ । विद्रोहको लामो इतिहास बोकेको मुलुकमा सेनाले सदैव निर्णायक भूमिका खेलेको छ ।

समूहहरू किन विभाजित छन् ?

मुख्य विवाद 'जुलाई नेसनल चार्टर' लाई लिएर छ । यस सुधार दस्तावेजले प्रधानमन्त्रीका लागि दुई कार्यकालको सीमा र राष्ट्रपतिलाई थप अधिकार दिने प्रस्ताव गर्छ । ८४ वटा सुधार बुँदामा सहमति भए पनि त्यसलाई कानुनीरूपमा कसरी लागू गर्ने भन्ने विषयमा दलहरू विभाजित छन् ।

बिएनपीले सुधार चार्टरलाई निर्वाचनपछिको संसद्मार्फत मात्र अनुमोदन गर्न सकिने दाबी गर्छ भने अन्य दलहरूले चुनावअघि नै यसलाई कानुनी रूप दिनुपर्ने तर्क गर्छन् । जमातका नेता सैयद अब्दुल्लाह मोहम्मद ताहेरले सुधारहरूमा जनताको राय आवश्यक भएकाले जनमतसंग्रह गर्नुपर्ने बताए । एनसिपीका नेता सालेह उद्दीन सिफतले भने 'विद्रोहमा ज्यान गुमाउनेहरूप्रति विश्वासघात हुने' भन्दै माग पूरा नभएसम्म चुनावमा सहभागी नहुने चेतावनी दिएका छन् ।

## दलबीचको अन्य बहस

अवामी लिगलाई कार्यकारी आदेशमार्फत प्रतिबन्ध लगाइएको थियो । जमातले हसिनासँग सम्बन्ध भएका थप १३ समूहलाई समेत प्रतिबन्धित गर्नुपर्ने माग गरेको छ । तर बिएनपीले अदालतको प्रक्रियाविना कुनै दल प्रतिबन्धित हुन नसक्ने भन्दै आपत्ति जनाएको छ । यसबीच, युनुसले लण्डनमा बिएनपी नेता तारिक रहमानसँग भेट गरेपछि पक्षपातको आरोप खेपिरहेका छन् । यसले जमात र एनसिपीलाई असन्तुष्ट बनाएको छ ।

## अगाडि के-के चुनौती छन् ?

अन्तरिम सरकार बढ्दो कानुन-व्यवस्था समस्यामा फसिरहेको छ । विश्व बैंकका पूर्ववरिष्ठ अर्थशास्त्री जाहिद हुसेनले सरकारलाई 'सौहार्द्रपूर्ण र साहसी तर असहाय र हतप्रभ' भनेका छन् ।

अधिकार समूह ऐन ओ सालिस केन्द्रका अनुसार यस वर्ष मात्रै १२४ वटा भिडन्तका घटना दर्ता भएका छन् । प्रहरी तथ्यांकले हत्या, बलात्कार र डकैती बढेको देखाएको छ ।

विश्लेषकहरूका अनुसार युनुसले विश्वसनीय निर्वाचन गराउन पूर्णसैन्य समर्थन आवश्यक छ । ढाका विश्वविद्यालयका राजनीति विज्ञान प्राध्यापक मामुन अल मुस्तफाले समयमै चुनाव सम्पन्न गर्न 'सेनाको विनासर्त र निरन्तर समर्थन' अपरिहार्य हुने टिप्पणी गरेका छन् । *रासस/एएफपी*



**दक्षिणपश्चिम चीनको सिजाङ स्वायत्त क्षेत्रस्थित ल्हासामा रहेको नम्बर २ माध्यमिक व्यावसायिक तथा प्राविधिक विद्यालयका विद्यार्थीहरू रेबा नृत्य अभ्यास गर्दै ।**

*तस्बिरः सिन्ह्वा*

# न्युयोर्क टाइम्सविरुद्ध १५ अर्ब डलरको मानहानि मुद्दा हाल्ने ट्रम्पको घोषणा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले न्युयोर्क टाइम्सविरुद्ध १५ अर्ब डलरको 'मानहानि र बदनामी मुद्दा' दायर गर्ने घोषणा गरेका छन् । 'न्युयोर्क टाइम्सलाई स्वतन्त्र रूपमा झूट बोल्न, धब्बा लगाउन र मलाई धेरै लामो समयसम्म बदनाम गर्न अनुमति दिइएको छ, तर अब त्यो रोकिन्छ !,' उनले सोमबार आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममा लेखेका थिए । मुद्दा फ्लोरिडामा दायर गरिएको जनाइएको छ ।

एएफपीले टिप्पणीका लागि न्युयोर्क टाइम्सलाई सम्पर्क गरेको छ । ट्रम्पले उक्त समाचारपत्रलाई 'रेडिकल लेफ्ट डेमोक्रेट पार्टीको भर्चुअल मुखपत्र' भन्दै निन्दा गरेका छन् । उनले यसले आफ्नो परिवार, व्यवसाय, 'अमेरिका फर्स्ट' आन्दोलन, मेगा अभियान र समग्रमा राष्ट्रबारे झूट बोल्दै आएको आरोप लगाए, तर कुनै प्रमाण भने प्रस्तुत गरेनन् ।

गत हप्ता एक समाचार माध्यमले ट्रम्पले यौनअपराधी जेफ्री एपस्टेनलाई दिइएको अश्लील जन्मदिन नोटसम्बन्धी लेखका विषयमा कानुनी कारबाही गर्ने चेतावनी दिएको रिपोर्ट प्रकाशित गरेको थियो । ट्रम्पले भने उक्त नोट लेखेको अस्वीकार गरेका छन् ।

ह्वाइट हाउस फर्किएपछि ट्रम्पले आफ्नो प्रशासनको आलोचना गर्ने पत्रकारलाई बारम्बार गाली गर्ने, पहुँच रोक्ने र मुद्दा दायर गर्ने क्रममा परम्परागत मिडियामाथि आक्रमण तीव्र पारेका छन् ।

एपस्टेनसँगको मित्रताको बारेमा लेख प्रकाशित गरेपछि उनले गत जुलाईमा मिडिया म्यागनेट रुपर्ट मर्डोक र 'द वाल स्ट्रिट जर्नल' विरुद्ध कम्तीमा १० अर्ब डलरको मुद्दा दायर गरेका थिए ।

सोही महिना, प्यारामाउन्टले सिबिएस न्युजको '६० मिनेट' कार्यक्रममा चुनावी कभरेजसम्बन्धी ट्रम्पको मुद्दा एक करोड ६० लाख डलरमा सुल्झाएको थियो । ट्रम्पले कार्यक्रमले आफ्नो सन् २०२४ को चुनावी प्रतिद्वन्द्वी कमला हचारिससँगको अन्तर्वार्तालाई उनको विपक्षमा भ्रामक तरिकाले सम्पादन गरेको आरोप लगाएका थिए । *रासस/एएफपी*

# दोस्रोपटक बेलायतको राजकीय भ्रमणमा ट्रम्प



**लण्डन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प मंगलबार ऐतिहासिक दोस्रो राजकीय भ्रमणका लागि बेलायत पुगेका छन् । बेलायत सरकारले अस्थिर मानिएका ट्रम्पलाई सन्तुष्ट पार्न कुनै कसर बाँकी राखेको छैन ।

युक्रेन र मध्यपूर्वमा युद्ध जारी रहेका बेला तथा प्रमुख अर्थतन्त्रहरू अमेरिकी करसँग जुझिरहेका सन्दर्भमा बेलायतले राजतन्त्रको भव्य प्रदर्शनमार्फत ट्रम्पलाई आफ्नो पक्षमा राख्न सक्ने आशा लिएको छ । तर यौनअपराधी जेफ्री एपस्टेनसम्बन्धी विवाद र अभिव्यक्ति स्वतन्त्रता युद्धले प्रधानमन्त्री किर स्टार्मर र ट्रम्पबीचको बैठकमा असहज क्षण ल्याउन सक्छ ।

शाही परिवारप्रति आकर्षण राख्दै आएका ट्रम्पलाई राजा चार्ल्स तृतीयसँग गाडीको जुलुस र विण्डसर क्यासलमा आयोजित भव्य राजकीय भोजमार्फत स्वागत गरिने छ । उनलाई लण्डन बाहिर राखिने छ । त्यहाँ ७९ वर्षीय रिपब्लिकन राष्ट्रपति ट्रम्पविरुद्ध ठूलो प्रदर्शन आह्वान गरिएको छ ।

लेबर नेता स्टार्मर ट्रम्पका लागि स्वाभाविक राजनीतिक सहयात्री नभए पनि जनवरीमा ट्रम्प ह्वाइट हाउस फर्किएपछि सम्बन्ध मजबुत पार्न लागिपरेका छन् । 'यो साँच्चिकै विशेष छ, अभूतपूर्व छ,' स्टार्मरले फेब्रुअरीमा ओभल अफिसमा ट्रम्पलाई राजकीय भ्रमणको निमन्त्रणापत्र हस्तान्तरण गर्दा भनेका थिए । निमन्त्रणा स्वीकार्दै ट्रम्पले चार्ल्सलाई 'महान सज्जन' भन्दै प्रशंसा गरेका थिए । डाउनिङ स्ट्रिटले ट्रम्पको व्यस्त कार्यक्रमले बेलायत-अमेरिका सम्बन्धलाई 'अटुट मित्रता' का नयाँ उचाइमा पुऱ्याउने बताएको छ ।

## अमेरिकी लगानी

भ्रमणका क्रममा १० अर्ब पाउण्ड (१३ अर्ब ६० करोड डलर) बराबरका सम्झौतामा हस्ताक्षर गर्ने तयारी भएको छ । उक्त सम्झौताले नयाँ आणविक परियोजनाहरूलाई गति दिने छ । बेलायती अधिकारीहरूले यसलाई 'विश्व-अग्रणी प्राविधिक साझेदारी' भनेका छन् ।

भ्रमणअघि गुगलले दुई वर्षमा बेलायतमा पाँच अर्ब पाउण्ड लगानी गर्ने घोषणा गरेको छ भने पेपल र सिटी ग्रुपसहितका अमेरिकी वित्तीय कम्पनीहरूले एक अर्ब २५ करोड पाउण्ड लगानी गर्ने बताएका छन् ।

स्कटिस मूलकी आमासँग जोडिएका ट्रम्पले सन् २०१९ मा दिवंगत महारानी एलिजाबेथ द्वितीयलाई भेटेका थिए । उनी दोस्रोपटक राजकीय भ्रमण गर्ने पहिलो अमेरिकी राष्ट्रपति बनेका छन् । बुधबार साँझ उनी पुनः राजपरिवारसँग भव्य भोजमा सहभागी हुने छन् । बिहीबार भने राजनीतिक पक्ष हावी हुने छ । चेकर्समा हुने वार्तामा बेलायतले अमेरिकी व्यापार सम्झौता सुरक्षित गर्न र ट्रम्पको कर नीतिबाट जोगिन प्रयास गर्ने छ ।

## एपस्टेन स्क्याण्डल

भ्रमणमा युक्रेन पनि मुख्य विषय बन्ने छ । ट्रम्पमाथि पुटिनतर्फ झुकाव देखाएको आरोप लागे पनि स्टार्मरले किभलाई समर्थन गर्न दबाब दियरहेका छन् । यसबीच, प्रथम महिला मेलानिया ट्रम्पले रानी क्यामिलासँग छुट्टै कार्यक्रममा भाग लिने छिन् ।

तर भव्यतालाई छायामा पार्ने विषयहरू पनि छन् । ह्वाइट हाउसले ट्रम्पले बेलायतमा अभिव्यक्ति स्वतन्त्रताको रक्षा मुद्दा उठाउने बताएको छ । यो त्यही विषय हो जसमा ट्रम्पका पूर्वसहयोगी एलन मस्कले बेलायतमा अति-दक्षिणपन्थी ऱ्यालीमा विवादास्पद टिप्पणी गरेका थिए । स्टार्मरका प्रवक्ताले मस्कको भाषालाई 'खतरनाक र भड्काउने' भनेका छन् ।

स्टार्मरलाई हालको राजनीतिक दबाबपछि सफलतापूर्वक सामना गर्न यो भ्रमण महत्त्वपूर्ण देखिएको छ । तर ट्रम्पकै एपस्टेनसँगको मित्रता र चार्ल्सका भाइ एण्ड्र्यु र एपस्टेनबीचको सम्बन्धले शाही परिवारलाई असहज बनाएको छ । यसै कारण ट्रम्प पनि गम्भीर प्रश्नको घेरामा परिरहेका छन् । *रासस/एएफपी*

# धुवाँले सुकाइएका शव 'विश्वकै सबैभन्दा पुराना ममी' हुनसक्ने : अध्ययन



**बैंकक–** चीन र दक्षिणपूर्वी एसियाका केही प्राचीन समाजहरूले आफ्ना मृतकलाई धुवाँले सुकाउने अभ्यास गरेका थिए भन्ने नयाँ अनुसन्धानले देखाएको छ । यसरी गरिएको संरक्षण प्रक्रिया इजिप्टका ममीहरूभन्दा हजारौं वर्ष अघिदेखि प्रभावकारी रूपमा प्रयोग भएको पत्ता लागेको हो ।

प्राचीन इजिप्टका पट्टीले बेरेका शवहरू करिब चार हजार ५०० वर्ष पुराना भए पनि ममीकरणको अघिल्लो प्राचीन उदाहरणहरू चिलीका अटाकामा तटवर्ती समाजबाट आएका थिए । त्यहाँ सुक्खा हावाले शवहरू स्वाभाविक रूपमा सुकाउने गर्थ्यो ।

तर चीन, भियतनाम, फिलिपिन्स, लाओस, थाइल्याण्ड, मलेसिया र इण्डोनेसियाजस्ता आर्द्र क्षेत्रका चिहानमा भेटिएका शवहरूमा अनुसन्धानकर्ताले असामान्य विकृति देखे । अवशेषहरूमा जलेका निसान भेटिए पनि दाहसंस्कारसँग मेल खाँदैनथे । शवहरूमा नरम तन्तु हराइसकेको देखिनु, वास्तवमा धुवाँले सुकाइएका ममीहरूको परिणाम हुन सक्ने निष्कर्षमा उनीहरू पुगे ।

वैज्ञानिकहरूले जापानका प्राचीन स्थलहरूका नमूनासँग तुलना गर्दा, हड्डीमा कम तापक्रमको असर भेटियो, जसले शव दाहसंस्कार नभई संरक्षण गर्ने उद्देश्य प्रस्ट गऱ्यो । केही नमूना १० हजार वर्षभन्दा पुराना थिए, जसले ममीकरण अभ्यास पहिले सोचिएभन्दा हजारौं वर्षअघिदेखि प्रचलनमा रहेको देखायो ।

'यो ठूलो आश्चर्य थियो,' अस्ट्रेलियन नेसनल युनिभर्सिटीका वरिष्ठ अनुसन्धानकर्ता सियाओ-चुन हङले भने, 'यति पुराना हड्डीमा यस्तो परम्पराको प्रमाण भेटिनु उल्लेखनीय छ । यसले प्राचीन मानिसहरूको अभ्यासलाई आजसम्म जीवित केही संस्कृतिसँग जोड्छ ।'

अनुसन्धानकर्ताले धुवाँ उष्णकटिबन्धीय जलवायुमै शव संरक्षणको सबैभन्दा प्रभावकारी विधि भएको मात्र नभई, सांस्कृतिक महत्त्वसमेत भएको निष्कर्ष निकाले । इण्डोनेसिया र अस्ट्रेलियाका समाजहरूमा अझै पनि शवलाई बाँधेर निरन्तर जलिरहेको आगोमाथि महिनौंसम्म राख्ने चलन छ । यसले आफन्तलाई मृतकसँग निरन्तर सम्पर्कमा राख्ने मात्र नभई, आत्मा दिनमा स्वतन्त्र रूपमा घुम्ने र रातमा शरीरमा फर्कने विश्वास पनि दिलाउँथ्यो ।

'मलाई लाग्छ, यसले गहिरो मानवीय भाव व्यक्त गर्छ-हाम्रा प्रियजनहरू सधैं हाम्रो साथमै रहने कालातीत इच्छा,' हङले एएफपीसँग भने ।

अनुसन्धानकर्ताले यो अभ्यास प्राचीन एसियाली सभ्यतामा व्यापक हुन सक्ने अनुमान गरेका छन् । प्रोसिडिंस अफ द नेसनल एकेडेमी अफ साइन्सेजमा सोमबार प्रकाशित अध्ययनमा उनीहरूले लेखेका छन्, 'यो परम्परा विशाल क्षेत्रका सिकार-संकलक समाजहरूमा धेरै सहस्राब्दीदेखि परिचित हुन सक्ने संकेत गर्छ ।' *रासस/एएफपी*

# सेवा र उत्पादनसँगै श्रीलंकामा बढ्यो रोजगारी

**कोलम्बो–** सेवा र निर्माण क्षेत्रले भर्तीलाई निरन्तरता दिँदा अगस्ट महिनामा श्रीलंकामा रोजगारी वृद्धि भएको छ । यो तथ्यांक श्रीलंका सेन्ट्रल बैंकले संकलन गरेको पछिल्लो खरिद प्रबन्धक सूचकांक (पिएमआइ) मा सार्वजनिक गरिएको हो ।

सेवा क्षेत्रको पिएमआइ अगस्टमा ६८.९ मा पुगेको छ । यसले सेवा गतिविधिमा बलियो विस्तार भएको संकेत गर्दछ । यस विस्तारलाई उच्च संख्यामा बढेका पर्यटक आगमनसँग जोडिएको थोक तथा खुद्रा व्यापार, व्यक्तिगत सेवाहरू, आवास, खाना र पेय सेवाहरूको उत्कृष्ट प्रदर्शनले टेवा दिएको हो । साथै, ऋण दिने गतिविधि बढेकाले वित्तीय सेवासम्बन्धी व्यावसायिक क्रियाकलाप पनि सुधारिएको देखिन्छ ।

उत्पादन क्षेत्रको पिएमआइ भने अगस्टमा ५५.२ मा पुगेको छ । यसले अघिल्लो महिनाभन्दा केही सुस्त दरमा भए पनि उत्पादन गतिविधि विस्तार भएको जनाउँछ । नयाँ अर्डर र उत्पादन मुख्यतया खाद्य तथा पेय पदार्थ निर्माण क्षेत्रको बलियो प्रदर्शनकै कारण बढेको हो । खरिदको स्टक पनि नयाँ अर्डर र उत्पादनसँगै विस्तार भएको तथ्यांकले देखाएको छ ।

पिएमआईले आगामी तीन महिनामा उत्पादन गतिविधि सकारात्मक रहने अपेक्षा जनाएको छ । यो विशेषगरी वर्षको अन्त्यतिर हुने मौसमी मागका कारण थप सुदृढ हुने अनुमान गरिएको छ । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१७१०० | प्रति तोला – ० | प्रति तोला – २५९५ |



**दसैंका लागि बजारतिर...** | नजिकिँदै गरेको नेपालीहरूको महान चाड बडादसैं र तिहारका लागि मुस्ताङबाट बजार लगिँदै च्याङग्रा । व्यापारी एवं किसानले यतिखेर मुस्ताङबाट भेडा च्याङग्रा बजार लैजान थालेका छन् । *तस्बिरः सुशीलबाबु थकाली/रासस*

# व्यवसायीको उत्थानका लागि ठोस कदम चाल्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वर खनालसँग नाडाका अध्यक्ष करण चौधरीको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले देशको बर्तमान अवस्थाका विषयमा छलफल गरेको छ ।

व्यवसायीहरूसँगको सो सामुहिक भेटघाट तथा छलफलमा अध्यक्ष चौधरीले आम व्यवसायीहरूको शुरक्षा र देशको शान्ति र अमन चयन सवैभन्दा महत्त्वपूर्ण विषय भएको बताउँदै व्यवसायीहरूको उत्थानका लागि सरकारले ठोस कदम चाल्नु पर्ने धारणा राखे ।

उक्त छलफलमा उनले देशको अर्थतन्त्र खस्किँदै गएको बताउँदै सरकारले व्यवसायीहरूको मनोबल बढाउने खालका नीतिहरू ल्याउनु पर्ने बताए । छलफल क्रममा अध्यक्ष चौधरीले लगानीकर्ताहरू नेपालमा लगानी गर्न विश्वस्त हुन सक्ने अवस्था नरहेको, तोडफोडबाट भएको हानी नोक्सानीको इन्स्योरेन्स डिस्बर्समेण्ट हुनुपर्ने, नेपाल सवारी प्रदूषण मापदण्ड २०८२ को कार्यान्वयनबाट सवारी साधनहरूको मूल्य बढ्ने भन्दै नेपालको अटोमोवाइल क्षेत्रले भन्सार राजश्वमा २७ प्रतिशत योगदान दिएको, नाडाको क्षमता र कमजोरीका सम्बन्धमा सरकारलाई यथार्थ जानकारी भएको बताए । सो छलफलमा अध्यक्ष चौधरीले नाडा सरकारसंग सहकार्य गरेर अघि बढ्न चाहेको बताए ।

उक्त भेटघाट तथा छलफलमा अध्यक्ष चौधरीले सुस्ताएको नेपालको अटोमोवाइल व्यवसायलाई गतिशील बनाउन आवश्यक पर्ने नीतिहरूमा सुधारका लागि आग्रह गर्दै नाडाकोतर्फबाट २२ बुँदे सुझावहरू समेत पेश गरे । उक्त छलफलमा खाशगरी पेट्रोल र डिजेलबाट चल्ने सवारी साधनहरूलाई बैंकहरूबाट हायर प्रचेज लोन प्रवाह गर्ने प्रकियामा लोन टू भ्यालु रेसियोमा हाल ६० प्रतिशतको सिमालाई बढाएर ८० प्रतिशत पुऱ्याउनु पर्ने सुझाव समेत दिए ।

सो छलफलमा अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्यायले सडक बिग्रेको कारण तातोपानी भन्सारबाट सवारीसाधनहरू नेपालमा आउन नसकेको सम्बन्धमा छिटै सवारीसाधन सञ्चालन गरिने आश्वासन दिदै व्यवसायीहरूका लागि प्रोत्साहन प्याकेजसमेत ल्याइने बताए । त्यसैगरी नेपाल सवारी प्रदुषर्ण मापदण्ड २०८२ को कार्यान्वयनबाट परेको असरहरूका सम्बन्धमा वन तथा वातावरण मन्त्रालयसँग छलफल गरिने बताए ।



छलफलमा अर्थमन्त्री खनालले व्यवसायीहरूले राखेका सुझावहरूलाई मनन गर्दै आन्दोलनबाट भएका लस र डयामेजको तथ्यांक संकलनगरी समुचित कदम चालिने बताए । सोही क्रममा मन्त्री खनालले बैंक र फाइनान्सबाट प्रदान गर्न सकिने सुविधाहरू प्रदान गरिने भन्दै करमा के-के सुविधा दिन सकिन्छ त्यसका लागि सरकारले आवश्यक कदम चाल्ने आश्वासन समेत दिए । सोही छलफलको क्रममा मन्त्री खनालले आन्दोलनले अटोमोवाइल क्षेत्रमा ठूलो नोक्सानी पुऱ्याएको छ भन्नु हुदै आफु व्यवसायीहरूको सिधा सम्पर्क रहने बताए । उक्त छलफलमा टेक्सका सम्बन्धमा धेरै सुझावहरू आएको सन्दर्भमा यसबारे क्याविनेटमा छलफल गरिने बताए ।

उक्त छलफलमा नाडाका उपाध्यक्ष निराकार श्रेष्ठ, सचिव विक्रम सिंहानिया, कोषाध्यक्ष मिलनबाबु मल्ल, सहकोषाध्यक्ष पंकज अग्रवाल केन्द्रीय कार्य समिति सदस्यद्वय आकाश गोल्छा, प्रकाश कपुरी, मेघराज पौडेल, यमुना श्रेष्ठ र अभिक ज्योति समेतको उपस्थिति रहेको थियो ।

## महासंघले माग्यो सुरक्षा प्रत्याभूति

**काठमाडौं (प्रस)–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले निजी क्षेत्रका प्रतिनिधिसँग छलफल गरेका छन् । अर्थ मन्त्रालयमा मंगलबार भएको छलफलका क्रममा निजी क्षेत्रको सुरक्षा प्रत्याभूति तथा लगानीमैत्री वातावरण निर्माणका लागि अब कसरी अघि बढ्न सकिन्छ भनेर छलफल भएको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए ।

'अहिलेको विषम परिस्थितिमा निजी क्षेत्रको सुरक्षाको प्रत्याभूति हुनुपर्ने, कर तिर्ने समय थप गर्ने, सहुलियत दिने, बिमा दाबी भुक्तानी तथा कर्जा प्रवाहमा सरलताका लागि राष्ट्र बैंकमार्फत सहजीकरण गरि नुपर्नेलगायतका विषयमा छलफल भएको छ,' अध्यक्ष ढकालले भने, 'अर्थमन्त्रीले निजी क्षेत्रका कुराहरू सकारात्मक रूपमा लिनुभएको छ । केही विषयहरू तुरुन्तै कार्यान्वयनका लागि निर्देशनसमेत दिनुभएको छ ।' जेन-जी प्रदर्शनका क्रममा विभिन्न व्यापारिक प्रतिष्ठान तथा व्यवसायीका निवासमा आगजनी र तोडफोड भएको थियो ।

# उच्च मनोबलका साथ अगाडि बढ्न उद्योगीलाई सरकारको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले उद्योगीलाई उच्च मनोबलका साथ अगाडि बढ्न आग्रह गरेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय डा. रामप्रसाद घिमिरे र कृष्णबहादुर राउतले निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थासँग गरेको छलफलमा मुलुकलाई नयाँ ढंगबाट अगाडि बढाउन निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताए । उनीहरूले निजी क्षेत्रलाई विद्यमान अवस्थाबाट अगाडि बढाउन आवश्यक सहयोग गर्न मन्त्रालय प्रतिबद्ध रहेको प्रतिबद्धता जनाए ।

सचिवद्वयले आउँदै गरेको चाडपर्वलाई मध्यनजर गर्दै आवश्यक खाद्यान्नलगायत सामग्री पर्याप्त मौज्जाद रहेकाले कुनै अभाव नहुने जानकारी दिए । उनीहरूले माग, आपूर्ति र प्रतिकूल प्रभाव पार्नेगरी वस्तु सञ्चित नगर्न/नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, बिक्रेतालगायत सरोकार भएका सबैलाई अनुरोध गरे । मन्त्रालयले आपूर्ति व्यवस्थामा ठूलो असर नपर्ने देखिएकाले वस्तु अनावश्यक रूपमा सञ्चित नगर्न सर्वसाधारणमा आग्रह गरेको छ । परिस्थिति सामान्य बन्दै गएकाले निजी क्षेत्रलाई आफ्ना उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आह्वान गरेको छ ।

मन्त्रालयले आयात सहज गर्न कोरला नाका खुला गरिएको तथा सो नाकाबाट ठूलो मात्रामा सामान भित्रिरहेको जानकारी गराउँदै तातोपानी नाका खुलाउन प्रयास भइरहेको जनाएको छ । साथै दक्षिणतर्फका नाकासमेत नियमित सञ्चालनमा आइसकेको सचिवद्वय घिमिरे र राउतले जानकारी दिए ।

छलफलमा परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अहिलेको विषम् परिस्थितिमा मुलुक अप्ठ्यारोमा परेकाले अर्थतन्त्र उकास्न सबैसँग सहकार्य र समन्वय गरी सहज वातावरण बनाउन आवश्यक रहेकामा जोड दिए ।

उनले उत्पादनमूलक उद्योग, होटेल तथा रिटेल चेन तथा साना व्यवसाय तथा उद्योगी व्यवसायीका निजी आवास तथा भवनमा भएको आगजनी, लुटपाट तथा तोडफोड गरी निजी क्षेत्रलाई निराश बनाए पनि नयाँ हौसलासहित उठ्ने प्रयास गरिएको बताए । सरकारसँग नजिक रहेर काम गर्न निजी क्षेत्र प्रतिबद्ध रहेको बताउँदै उनले निजी क्षेत्रलाई आत्मविश्वासिलो बनाउनुपर्नेमा जोड दिए ।

# 'अपर' राहुघाट जलविद्युत्को परीक्षण उत्पादन

■ प्रभाव संवाददाता

**म्याग्दी–** रघुगंगा गाउँपालिका भएर बग्ने राहुघाट नदीमा निर्माण भएको ४८ दशमलव पाँच मेगावाट क्षमताको 'अपर' राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादन सुरु भएको छ ।

तुँदी पावर प्रर्वद्धक रहेको आयोजनाको बाँध, सुरुङ, विद्युत्गृह, प्रसारण लाइन, स्विचयार्ड निर्माण, उपकरण जडान र आन्तरिक परीक्षण सकिएपछि आजदेखि परीक्षण उत्पादन थालिएको हो । आयोजनाका आवासीय इञ्जिनीयर प्रकाश तिमिल्सिनाले नेपाल विद्युत् प्राधिकरणका प्राविधिक टोलीको उपस्थितिमा परीक्षण थालिएको जानकारी दिए । 'निर्माण भएका भौतिक संरचना र जडान गरिएका उपकरणको आन्तरिक परीक्षण सफल भएपछि विद्युत् उत्पादन थालिएको हो,' उनले भने, 'परीक्षणका क्रममा कुनै समस्या नदेखिएकाले १५ दिनपछि व्यावसायिक उत्पादन सुरु गर्ने तयारीमा छौं ।' रघुगंगा गाउँपालिका-७ चिमखोलामा बाँध र वडा नं ४ दग्नामको



फेदीमा विद्युत्गृह रहेको यस आयोजनाको सुरुङ चार हजार ९०० मिटर लामो छ । 'आउटलेट'देखि विद्युत्गृहसम्म छ सय ८० मिटर लामो 'पेनस्टक पाइपलाइन' जडान गरिएको छ ।

अपर राहुघाटको इलेक्ट्रोमेकानिकल ठेकेदार एभरेष्ट हाइड्रो हो भने हाइड्रोमेकानिकल ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेसिनरी हो । विसं २०७७ देखि निर्माण सुरु भएको यस आयोजनाको सिभिल ठेकेदार रामेछाप शेर्पा कन्ट्रक्सन हो । साउथ एशियन इन्फास्ट्रक्चरले यसको सुरुङ बनाएको हो ।

तुँदी पावरले निर्माण गरेको ३७ दशमलब पाँच मेगावाट क्षमताको चिमखोला-राहुघाट-मंगले जलविद्युत् आयोजनाले गत असारदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो । संयुक्त ऊर्जा लिमिटेडले निर्माण गरेको २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले यही भदौ महिनादेखि व्यावसायिक उत्पादन थालेको थियो ।

चिमखोला-मंगले-राहुघाटको विद्युत्गृहबाट निस्कने र चिमखोलाको बगरखोलाको पानी प्रयोग गरेर अपर राहुघाटबाट विद्युत् उत्पादन गरिएको हो । दुई वटै आयोजनाको अनुमानित लागत रु १३ अर्ब रहेको छ । यी आयोजनाबाट उत्पादन भएको विद्युत् रघुगंगा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको स्विचयार्डबाट अस्थायी रूपमा राष्ट्रिय प्रणालीमा जोडिएको छ ।

बन्दीदेखि चिमखोलास्थित चिमखोला-राहुघाट-मंगलेको विद्युतगृहसम्म आठ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाएका छन् । चिमखोलादेखि तिल्केनीसम्म २२० केभी क्षमताको प्रसारण लाइन ठूलोखोला, माथिल्लो ठूलोखोला, चिमखोला-राहुघाट-मंगले र अपर राहुघाट जलविद्युत् आयोजनाले बनाएका हुन् ।

# गरिमा विकास बैंकले सुरू गऱ्यो 'भर्चुअल' क्रेडिट कार्ड सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** गरिमा विकास बैंक लिमिटेडले फोनपे नेटवर्कसँगको सहकार्यमा आफ्नो मोबाईल बैकिङ् एप 'गरिमा डिजि बटुवा'बाट नेपालको आफ्नै भर्चुअल क्रेडिट कार्ड सेवाको सुरुवात गरेको छ । गरिमा विकास बैंकका ग्राहक महानुभावहरूले नजिकैको शाखा कार्यालयमा उपस्थित भई फारम भरेपश्चात आफ्नो मोबाईल बैकिङ एपमा सो सेवा सुचारु गर्न सकिनेछ ।

उक्त भर्चुअल क्रेडिट कार्डमार्फत ग्राहकले फोनपे को कुनै पनि क्युआर कोड र फोन पे नेटवर्कमा सजिलै भुक्तानी गर्न सक्नेछन् । न्यूनतम रु. १०,००० देखि अधिकतम रु. १,००,००० सम्म क्रेडिट सीमा रहेको यस भर्चुअल क्रेडिट कार्डमा भुक्तानीका लागि ग्राहकहरूले अधिकतम ४५ दिनसम्म बिना ब्याज क्रेडिट रकम उपभोग गर्न सक्नुका साथै हिसाब राफसाफमा १० प्रतिशत वा शतप्रतिशत भुक्तानी गर्ने विकल्पसमेत लिन सक्नेछन् । भौतिक रुपमा नभई मोबाईल बैकिङ एपमा भर्चुअल रुपमा उपलब्ध हुने यस सुविधाले ग्राहकलाई थप सुरक्षित र नविनतम अनुभव दिने विश्वास विकास बैंकले राखेको छ ।

हाल गरिमा विकास बैंकका देशभर १२५ शाखा कार्यालय, १ एक्स्टेन्सन काउण्टर र ५१ एटिएमका साथै नविनतम डिजिटल बैकिङ मार्फत सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह गर्दै आईरहेको छ ।




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रणः** एक्प्रेस कलर प्रेस, **कार्यालयः** काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागिः** marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशकः** कृष्ण कार्की, **सम्पादकः** विष्णु तामाङ